MRSA (मेथिकिलिन रेसिस्टेन्ट स्ट्याफाइलोकोक्कस औरिअस)

MRSA (Methicillin Resistant Staphylococcus Aureus)

What is MRSA?

Staphylococcus aureus, also called staph, is a type of germ known as bacteria. Many healthy people have this germ on their skin and in their nose. Staph germs most often cause an infection on the skin as lesions, pimples or boils. The infection can get into a surgical site, in the blood or cause pneumonia. If the infection gets worse, the signs may be tiredness, nausea or vomiting, shortness of breath, chest pain or skipped heart beats.

Methicillin resistant staphylococcus aureus, or MRSA, is a type of staph infection that is hard to treat because it cannot be killed by many common antibiotics. MRSA can infect any part of the body. MRSA is becoming a very common infection.

MRSA भनेको के हो?

स्ट्याप पनि भनिने Staphylococcus aureus भनेको ब्याक्टेरियाको रूपमा चिनिने जीवाणुको एक प्रकार हो। धेरै स्वस्थ मानिसहरूको छाला र नाकमा यो जीवाणु हुन्छ। स्ट्याप जीवाणुहरूले छालामा धेरैजसो प्रायः घाउ, डन्डिफोर वा फोडीहरू जस्ता संक्रमण निम्त्याउँछन्। संक्रमण शल्यक्रिया गरिएको ठाउँमा, रगतमा जान सक्छ वा निमोनिया हुनसक्छ। संक्रमण खराब हुन्छ भने, लक्षणहरू थकित हुने, वाकवाकी लाग्ने वा वान्ता हुने, श्वासप्रश्वासमा कठिनाइ हुने, छाती दुख्ने वा मुटु धड्किन रोकिने हुन सक्छन्।

मेथिकिलिन रेसिस्टेन्ट स्ट्याफाइलोकोक्कस औरिअस (Methicillin resistant staphylococcus aureus) वा MRSA भनेको एक प्रकारको स्ट्याप संक्रमण हो जसलाई धेरै सामान्य एन्टिबायोटिकहरूद्वारा निदान गर्न वा मार्न नसकिने हुनाले उपचार गर्न गाह्रो हुन्छ। MRSA ले शरीरको कुनै पनि भागमा संक्रमण गर्न सक्छ। MRSA एकदमै सामन्य संक्रमण बन्दै छ।

How is MRSA spread?

Anyone can get a staph infection, but people are at higher risk for MRSA if they:

- Have skin-to-skin contact with someone who has a staph infection.
- Have contact with items or surfaces that have the staph germ on them. This could be sports equipment or getting tattoos or piercings from people who are not licensed or places that are not clean.

MRSA कसरी फैलिन्छ?

जोकोहीलाई पनि स्ट्याप संक्रमण हुनसक्छ तर निम्न कुराहरू हुन्छ भने मानिसहरू MRSA को उच्च जोखिममा हुन्छन्:

- स्ट्याप संक्रमण भएको कोहीसँग छाला-देखि-छाला सम्पर्क गर्ने।
- स्ट्याप जीवाणू भएका सतहहरू वा वस्तुहरूसँग सम्पर्क गर्ने। यो खेलकूदका उपकरण वा ट्याटुहरू खोप्ने वा इजाजतपत्र प्राप्त नगरेको वा सफा नभएका ठाउँहरूको मानिसद्वारा खोप्ने हुन सक्छ।

- Have cuts or scrapes on their skin.
- Live or spend time in crowded places, like daycare centers.
- Engage in a lot of physical contact, such as sports teams.
- Share personal items, like towels, toothbrushes, combs, and sports gear.
- Have a weakened immune system.
- Have skin damage caused by a medical condition, like eczema.

- आफ्नो छाला काट्ने वा खुर्कने।
- डेकेयर केन्द्रहरू जस्ता भीड हुने ठाउँहरूमा बस्ने वा समय बिताउने।
- खेलकूद टोलीहरू जस्ता शारीरिक सम्पर्कमा धेरै संलग्न हुने।
- टावेल, दाँत माझ्ने ब्रस, काइँयो र खेलकूद गियर जस्ता व्यक्तिगत वस्तुहरू साझा गर्ने।
- कमजोर प्रतिरक्षा प्रणाली भएको।
- एक्जिमा जस्तो चिकित्सा अवस्थाद्वारा छाल नष्ट भएको।

Testing for MRSA

See a doctor if you or your child has a skin wound that is not healing or if there are signs of an infection, such as fever, pain, redness, warmth, swelling or drainage from skin wounds.

The doctor will do a test to decide what type of germ is causing the infection. The test will also tell the doctor which antibiotic will work best.

MRSA को जाँच

तपाईंको वा तपाईंको बच्चाको छालाको घाउ निको भइरहेको छैन वा छालको घाउहरूमा ज्वरो आउने, दुख्ने, रातो हुने, गर्मी हुने, सुन्निने वा फोहोर पानी निस्किने जस्ता संक्रमणका लक्षणहरू देखा पर्छन् भने चिकित्सकलाई देखाउनुहोस्।

चिकित्सकले कस्तो प्रकारको जीवाणूले संक्रमण निम्त्याउदैं छ भनी निर्णय गर्न जाँच गर्नुहुनेछ। जाँले चिकित्सकलाई कस्तो प्रकारको एन्टिबायोटिकले उत्कृष्ट रूपमा काम गर्छ भन्नेबारे पनि बताउनेछ।

How is MRSA treated?

Most staph infections, including MRSA, can be treated with certain antibiotics.

- If your doctor prescribes an antibiotic, it is **very important to take all of the medicine** as ordered, even if the infection is getting better.
- If an ointment is prescribed, apply it to **all** skin lesions, even the tiny ones.
- If there is a skin infection, your doctor may make an incision to drain the infection. If the area was packed with a gauze dressing, your doctor may want your child to come back to have the wound taken care of.

MRSA को उपचार कसरी गरिन्छ ?

MRSA सहित धेरै स्ट्याप संक्रमणहरू निश्चित एन्टिबायोटिकद्बारा उपचार गर्न सकिन्छ।

- तपाईंको चिकित्सकले एन्टिबायोटिक निर्धारण गर्नुहुन्छ भने, संक्रमण निको हुँदै गएपनि आदेश गरिए अनुसार **सम्पूर्ण औषधि सेवन गर्नु एकदमै महत्त्वपूर्ण हुन्छ**।
- मलम लगाउने निर्देशन दिइन्छ भने, यसलाई साना भएतापनि **सम्पूर्ण** छालाका घाउहरूमा लगाउनुहोस्।
- छालामा संक्रमण छ भने, तपाईंको चिकित्सकले संक्रमणलाई कम गर्न छालामा शल्यक्रिया गर्न सक्नुहुन्छ। क्षेत्र गज ड्रेसिङद्वारा बन्द गरिएको थियो भने, तपाईंको चिकित्सकले तपाईंको बच्चा घाउको स्याहार गर्नको लागि फर्केको चाहनुहुन्छ।

- **Do not** take part in contact sports until the infection has healed.
- Call your doctor if your infection does not get better with treatment.

- संक्रमण निको नहुँदासम्म सम्पर्कमा आउने खेलकूदहरूमा भाग **नलिनुहोस्**।
- उपचारद्वारा आफ्नो संक्रमण निको भएन भने आफ्नो चिकित्सकलाई फोन गर्नुहोस्।

How do I prevent the spread of MRSA?

To prevent the spread of MRSA and other bacteria:

- Wash your hands for 15 to 20 seconds with soap and water or use an alcohol-based hand sanitzer often, especially after touching a skin lesion.
- Keep any cuts or lesions clean. Keep them covered with clean, dry bandages until healed.
- Do not touch other people's cuts or bandages.
- Do not share personal items like towels, razors, clothing or equipment.
- Clean surfaces where bare skin rubs such as exercise equipment, wrestling mats and surfaces in the home.
- Take a shower with soap after working out or playing sports.
- Wash clothes and bedding on hottest setting. Use bleach when possible.

MRSA फैलिनबाट कसरी रोकथाम गर्ने?

MRSA र अन्य ब्याक्टेरियालाई फैलिनबाट रोकथाम गर्न:

- विशेषगरी छालाको घाउ छोए पश्चात साबुन र पानीद्वारा 15 देखि 20 सेकण्डसम्म आफ्ना हातहरू धुनुहोस् वा मदिरामा आधारित ह्याण्ड सेनिटाइजर प्रयोग गर्नुहोस्।
- कुनै काटेको ठाउँ वा घाउहरूलाई सफा राख्नुहोस्। तिनीहरूलाई निको नहुँदासम्म सफा, सुख्खा ब्याण्डेजहरूले छोप्नुहोस्।
- अन्य मानिसहरूको काटेको ठाउँ वा ब्याण्डेजहरू नछुनुहोस्।
- टावेल, रेजर, कपडा वा उपकरण जस्ता व्यक्तिगत वस्तुहरू साझा नगर्नुहोस्।
- घरका व्यायाम उपकरण, रेस्टलिङ म्याट तथा सतहहरू जस्ता नाङ्गो छाला घस्रिने सतहहरू सफा गर्नुहोस् ।
- घरबाहिर काम गरेपछि वा खेलकूदहरू खेलेपछि साबुनसहित सावरमा नुहाउनुहोस्।
- कपडाहरू धुनुहोस् र आरामदायी वातावरणमा सुत्नुहोस्। सम्भव हुँदा दाग हटाउने वस्तु (ब्लीच) प्रयोग गर्नुहोस्।

When should I call a doctor?

Call a doctor if:

- You or your child's condition becomes worse – the infected area has increased swelling, pain or redness.
- You or your child develops a fever, has trouble breathing or has other signs of illness such as vomiting, diarrhea or always sleeping.
- Another family member develops new skin lesions.
- Your child will not take the medicine prescribed.

Talk to your doctor or nurse if you have any questions or concerns.

मैले चिकित्सकलाई कहिले फोन गर्नुपर्छ?

निम्न अवस्थामा आफ्नो चिकित्सकलाई फोन गर्नुहोस्:

- तपाईंको वा तपाईंको बच्चाको अवस्था खराब हुन्छ - संक्रमित क्षेत्रमा सुन्निन, दुख्न वा रातो हुनमा वृद्धि हुन्छ।
- तपाईं वा तपाईंको बच्चालाई ज्वरो आउँछ, श्वासप्रश्वास गर्न कठिन हुन्छ वा वान्ता हुने, झाडापखाला लाग्ने वा सधैं निद्रा लाग्ने जस्ता बिरामी हुने लक्षणहरू देखा पर्छन्।
- अर्को परिवार सदस्यलाई छालामा नयाँ घाउ हुन्छ।
- तपाईंको बच्चाले निर्धारित औषधि लिनेछैनन्।

कुनै पनि प्रश्न वा जिज्ञासा भएमा आफ्नो चिकित्सक वा परिचारिकासँग कुरा गर्नुहोस्।

© 2008 - October 4, 2017, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.